कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रेड्क्रसग्राम ,चितवन

बाग्मती प्रदेश, नेपाल

## ***फलफूलका विरुवा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना***

प्रथम पटक प्रकाशित मिति: २०७७/०२/२३

१. यस कार्यालयबाट निःशुल्क वितरण गर्न विभिन्न जातका फलफूलका विरुवाहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकोले सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७७३।५ गते) को १२.०० बजेभित्र इच्छुक व्यक्ति तथा फर्महरुले चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७५/७६ को कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपी संलग्न गरी कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवनमा दरभाउपत्र दर्ता गराउनुहुन अनुरोध छ। दरभाउपत्र सम्बन्धी फाराम कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालयको ग्लोबल आइ.एम.इ बैंकको धरौटी खाता नं.B५०४०१००००००१ मा रु.१०००। अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) जम्मा गरी सोको सक्कलै भौचर पेश गरी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन भन्दा अघिल्लो दिन कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।

२. दरभाउपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको वा कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

३. आफैंले खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी सिलबन्दी गरी तोकिएको अवधिभित्र यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन। दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। दरभाउपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४. दरभाउपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर कालिका नगरपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनको ग्लोबल आइ.एम.इ बैंकको धरौटी खाता नं.B५०४०१००००००४ मा जम्मा गरेको सक्कलै भौचर वा 'क' बर्गको बैकबाट जारी भएको र दरभाउपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत बोलपत्रदाताले कार्यालयले तोके अनुसारको कार्यालयको नामको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन।

५. कार्यालयले तोकेको कृषकको खेतबारीसम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ।

६. आपूर्ति हुने विरुवा दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख गरिए बमोजिमको जात, आकार र प्रकारको हुनुपर्नेछ। विरुवाको जात तथा अन्य जानकारी बोलपत्र सम्बन्धी कागजातमा तोकिएको छ।

७. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

८. दरभाउपत्र मान्य हुने अवधि कम्तिमा ४५ दिनको हुनुपर्नेछ। दरभाउपत्र फाराममा रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ।

९. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिबार्य रुपमा लागेको हुनु पर्नेछ। साथै दरभाउपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्नेछ।

११. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ। बिस्तृत जानकारीको लागी कालिका नगरपालिकाको कार्यालय, रेडक्रसग्राम चितवनको कृषि शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**तपसिल**

| सि.नं | सूचना नं | विवरण | लागत अनुमान मू.अ.कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 6/Goods/NCB/KM/076/077 | विभिन्न जातका फलफूलका विरुवा खरिद | १५,७०,०००।०० | ४७१००।०० | |